**मुक्तिनाथ दर्शन सेवा**

दैनिक माइक्रोबस छुट्ने समय :
बिहान ६:३० बजे



**पोखरा साइडसिन सेवा**

पोखरा उपत्यका घुम्नका लागि बस छुट्ने समय : बिहान ९:०० बजे

रुट नं. १ : पुम्दीकोट, शान्ति स्तुपा, डेभिजफल, फेवाताल, विन्ध्यवासिनी मन्दिर, महेन्द्र गुफा

रुट नं. २ : बेगनास ताल, रुपा ताल, इन्टरनेशनल माउन्टेन म्युजियम, पचभैया वन्यजन्तु चिडियाघर



**मानसरोवर ट्राभल एण्ड टुर्स प्रा.लि.**
नागढुंगा, पोखरा-९, फोन नं : 061-589012
544439, 9856051659, 9856034631



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रु. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २७ ❑ अङ्क १९२ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८३ साउन १२ गते सोमबार ❑ 27 July 2026 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।-


## फिर्केखोलाको केही भाग पुनः हटाउन नागरिक समाजको माग

**पोखरापत्र संवाददाता**
पोखरा, १० साउन



पोखराको प्रायः मध्यभाग भएर बगेको फिर्केखोला अतिक्रमणमुक्त बनाउने अभियान बीचमै रोकिएको भन्दै नागरिक समाजले बाँकी रहेका अवैध संरचना तत्काल हटाउन पोखरा महानगरपालिकासँग माग गरेको छ।

वातावरण संरक्षणका लागि महाअभियान कास्कीले आइतबार पोखरामा पत्रकार सम्मेलन गर्दै फिर्केखोला खोलाघरमा रहेका सबै अवैध संरचना हटाएर पैदलमार्ग र साइकल लेनसहितको हरित करिडोर निर्माण गर्नुपर्नेमा जोड दिएको हो।

अभियानका संयोजक तथा नागरिक अगुवा रामबहादुर पौडेलले फिर्केखोला अतिक्रमण हटाउने क्रममा महानगरपालिकाले सुरुवातमा देखाएको सक्रियता सकारात्मक भए पनि अन्तिम चरणमा आएर प्रभावशाली व्यक्ति र पहुँचवालाका संरचना जोगाउने प्रयास भइरहेको आरोप लगाउनुभयो । उहाँले "कसैलाई पनि भोट बैंकको रूपमा संरक्षण गर्न हुँदैन। कानून सबैका लागि समान रूपमा लागू हुनुपर्छ। फिर्केखोलाभित्र रहेका बाँकी अवैध संरचना हटाएर मात्र अभियानले पूर्णता पाउँछ" भन्नुभयो । पौडेलले फिर्केखोलाको प्राकृतिक बहाव जोगाउन बाँकी रहेका संरचना हटाउन ढिलाइ गरिए वातावरणीय जोखिम थप बढ्ने चेतावनी दिनुभयो । बढ्दो अतिक्रमण, प्रदूषण, अव्यवस्थित सहरीकरण र नियमनको कमजोरीका कारण फिर्केखोलाको अस्तित्व नै संकटमा परेको उहाँको भनाइ थियो । महाअभियानका अनुसार पोखरा-१८ को अँधेरीकुनाबाट सुरु भएर वडा नम्बर २, ४, ५, ८, ७, १७ र ६ हुँदै फेवातालमा मिसिने फिर्केखोलाको विभिन्न स्थानमा अझै पनि खोलाघर मिचेर बनाइएका पक्की तथा कच्ची संरचना यथावत् छन्। विशेषगरी वडा नम्बर ४, ५, ७ र ८ मा रहेका संरचना पूर्ण रूपमा नहटाइएकाले अभियान अधुरो बनेको महाअभियानको दाबी छ।

अभियानले सार्वजनिक गरेको विवरणअनुसार पर्स्याङ क्षेत्र, भैँयरथान, साविक स्काउट कम्पाउण्ड, रेडियो नेपाल आसपास, रिठेगौंडा, पोखरा इन्जिनियरिङ कलेज आसपास, बगालेटोल,गहते,मासबार-रत्नचोक क्षेत्रलगायतका स्थानमा अझै खोलाघर अतिक्रमण गरी बनाइएका घर, टहरा, पर्खाल तथा विभिन्न सामाजिक संरचना बाँकी रहेका छन् । पत्रकार सम्मेलनमा संयोजक पौडेलले सुरुवातमा डोजर चलाएर अभियान अगाडि बढाइए पनि अहिले राजनीतिक दबाब र पहुँचका आधारमा केही संरचना जोगाउने प्रयास भइरहेको आरोप लगाउनुभयो। "जुन उत्साहका साथ सुरुमा डोजर चलाइएको थियो, अहिले त्यो अभियान सेलाउँदै गएको छ। यसरी नै अघि बढ्ने हो भने फिर्के करिडोर परियोजना नै असफल हुने खतरा छ" उहाँले भन्नुभयो ।

उहाँले सामाजिक सञ्जालमार्फत पनि वडा नम्बर ४, ५, ७ र ८ भित्रका खोलाघर अतिक्रमण पूर्ण रूपमा नहटाएसम्म ती वडाले आयोजना गर्ने कुनै पनि सार्वजनिक कार्यक्रममा आफू सहभागी नहुने घोषणा गरिसकेको जानकारी दिनुभयो। यसलाई स्थानीय सरकारप्रति दबाब सिर्जना गर्ने शान्तिपूर्ण नागरिक अभियानका रूपमा लिन आग्रह गर्नुभयो । महाअभियानले फिर्केखोलाको सीमांकन सम्बन्धी विगतका अध्ययनहरू पनि सार्वजनिक गरेको छ। २०८० सालमा बासुदेव पौडेलको संयोजकत्वमागरिएकोसीमांकनमा १४७ वटा संरचना खोलाघर अतिक्रमण गरी निर्माण गरिएको भेटिएको थियो। तीमध्ये २५ वटा सामाजिक भवन, ३५ वटा पक्की घर र ८७ वटा कच्ची टहरा रहेको उल्लेख गरिएको छ। त्यसअघि २०६९ सालमा गरिएको अर्को अध्ययनले भने १९२ वटा संरचना मापदण्डविपरीत रहेको देखाएको थियो।महानगरपालिकालेहालसम्म १६० वटा संरचना हटाइसकेको दाबी गरे पनि अभियानले अझै पनि प्रभावशाली व्यक्तिका संरचना नहटाइएको आरोप लगाएको छ। साथै फिर्केखोलाको मापदण्ड १० मिटरबाट घटाएर ६ मिटर कायम गरिएको निर्णयप्रति पनि महाअभियानले असन्तुष्टि जनाएको छ । महाअभियानले वास्तविक भूमिहीन नागरिकको उचित व्यवस्थापन गर्नुपर्ने भए पनि खोलाघर अतिक्रमण गरेर बनाइएका कुनै पनि संरचना संरक्षण गर्न नहुने स्पष्ट गरेको छ। नागरिक समाज कास्कीका प्रवक्ता गोकुलबहादुर कार्कीले ड्यामसाइड क्षेत्रमा चेक ड्याम निर्माण र बाँकी रहेका सबै अवैध संरचना नहटाएसम्म आफूहरू महानगरपालिका तथा सम्बन्धित वडाका सार्वजनिक कार्यक्रममा सहभागी नहुने घोषणा गर्नुभयो ।

महाअभियानले करिब आठ किलोमिटर लामो फिर्केखोलालाई अतिक्रमण, ढल मिसावट र फोहोरबाट जोगाउन नागरिकस्तरबाट दबाबमूलक कार्यक्रमलाई निरन्तरता दिने जनाएको छ ।

फिर्केखोला संरक्षण केवल वातावरणीय मुद्दा मात्र नभई पोखराको दीर्घकालीन अस्तित्व, फेवातालको संरक्षण र दिगो सहरी विकाससँग प्रत्यक्ष जोडिएको विषय भएकाले कुनै पनि दबाब वा राजनीतिक स्वार्थका आधारमा अतिक्रमणकारीलाई संरक्षण नगर्न महाअभियानले पोखरा महानगरपालिकासँग आग्रह गरेको छ ।

## पार्टी एकता सहमतिउन्मुखः सभापति थापा

**रासस**
काठमाडौं, १० साउन

नेपाली कांग्रेसका सभापति गगनकुमार थापाले पार्टी एकता सहमतिउन्मुख रहेको बताउनुभएको छ ।

पार्टी एकताका लागि दबाब दिन नेपाल नगरपालिका सङ्घका अध्यक्ष भीम ढुङ्गाना नेतृत्वको कांग्रेस समर्थित स्थानीय तहका जनप्रतिनिधिसँग आइतबार यहाँ भएको भेटमा उहाँले पार्टी एकता सहमतिउन्मुख दिशामा रहेको बनाउनुभएको हो ।

सभापति थापाले वर्तमान चुनौती सामना गर्नका लागि पनि पार्टी एकता अपरिहार्य रहेको भन्दै एकतामा असर पर्ने कार्य नगर्न सबैसँग आग्रह गर्नुभएको दबाब अभियानका संयोजक ढुङ्गानाले जानकारी दिनुभयो । सभापति थापाले पार्टी एकताका लागि दबाब अभियानले यही साउन १६ मा आयोजना गर्न लागेको राष्ट्रिय भेलासमेत स्थगित गर्न आग्रह गर्नुभएको थियो ।

उहाँले असन्तुष्ट नेताहरूसँग कार्यदल बनाएर सुष्मरूपले सहमतिको खाका बनाउन दुई जना सदस्यको नाम मागिएको र चार सदस्यीय कार्यदल एक-दुई दिनभित्र बन्ने जानकारीसमेत गराउनुभएको कागेश्वरी मनोहरा नगरपालिकाका नगरप्रमुख उपेन्द्र कार्कीले जानकारी दिनुभयो ।

भेटका क्रममा स्थानीय तहका जनप्रतिनिधिले पार्टी एकताबिना गाउँमा जनातालाई आशावादी बनाउन नसिकने र पार्टीको साख फर्काउन नसिकने बताउनुभएको थियो । उहाँहरूले तत्काल पार्टी एकता गरेर आमजनतामा विश्वासको वातावरण बनाउनुपर्नेमा जोड दिइएको भेटमा सहभागी शारदा नगरपालिकाका नगरप्रमुख प्रकाश भण्डारीले जानकारी दिनुभयो । सभापति थापाले पार्टी एकता सहमतिमा भई कांग्रेस एक हुनेमा आश्वस्त तुल्याउनुभएको तिलागुफा नगरपालिकाका नगरप्रमुख शङ्कर उपाध्यायले जानकारी दिनुभयो । "हाम्रो खबरदारी जारी रहन्छ, भेला के गर्ने भन्नेबारे साथीहरू थप छलफल गरेर निर्णय गर्छौं", कागेश्वरी मनोहरा नगरपालिकाका प्रमुख कार्कीले भन्नुभयो ।

आज भएको भेटमा सङ्घका अध्यक्ष ढुङ्गाना, गाउँपालिका महासङ्घका उपाध्यक्ष लक्ष्मण शाही, हलेसी नगरपालिकाका नगरप्रमुख विमला राई, चरिकोट नगरपालिकाका नगरप्रमुख लवश्री न्यौपाने, कागेश्वरी मनोहराका नगरप्रमुख कार्की, तिलागुफाका नगरप्रमुख उपाध्याय, शारदा नगरपालिकाकानगरप्रमुखभण्डारी, तारकेश्वर नगरपालिकाका नगरप्रमुख कृष्णहरि महर्जन, दबाब अभियान प्रचारप्रसार समितिका संयोजकसरोजअधिकारीलगायतको सहभागिता थियो ।

## सरकारी वार्ता टोली र डा केसी पक्षबीच छलफल

**रासस**
काठमाडौं, १० साउन

कैलालीको धनगढीमा अनशनरत डा गोविन्द केसी पक्षसँग नेपाल सरकारका प्रतिनिधिको वार्ता जारी छ ।

प्रधानमन्त्री वालेन्द्र शाहका स्वास्थ्य सल्लाहकार डा जेपी अग्रवाल, स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालयका सचिव डा विकास देवकोटा र शिक्षा तथा खेलकुद मन्त्रालयका सचिव चुडामणि पौडेलसहितको टोलीले वार्ता गरिरहेको छ ।

डा केसीलाई उपचारका लागि राखिएको सेती प्रादेशिक अस्पतालमै उहाँका प्रतिनिधि डा अमृत जैसी र पवन थापासँग वार्ता जारी रहेको शिक्षा सचिव पौडेलले जानकारी दिनुभयो ।

पहिलो चरणमा डा केसीका प्रतिनिधिसँग छलफल गरी सहमतिको प्रयास भइरहेको र त्यहाँ हुने निष्कर्षअनुसार डा केसीसँग थप वार्ता हुने उहाँले बताउनुभयो ।

डा केसी विभिन्न पाँचबुँदे माग राखेर गत बिहीबारदेखि


बाँकी अन्तिम पृष्ठमा ▶▶


## स्वरूप परिवर्तन गरिएका मोटरसाइकल नियन्त्रणमा लिइँदै

**पोखरापत्र संवाददाता**
पोखरा, १० साउन

स्वरुप परिवर्तन गरी ध्वनि प्रदूषण गर्ने मोटरसाइकललाई जिल्ला प्रहरी कार्यालय कास्कीले नियन्त्रणमा लिन थालेको छ । 'अप्रेसन ३६५' अन्तर्गत समाजमा ध्वनि प्रदूषण गर्ने, त्रासित बनाउने र जाँचका क्रममा प्रहरीसँग वादविवाद गर्ने मोटरसाइकल चालकलाई नियन्त्रणमा लिई कारबाही गर्न थालिएको हो ।

गएराति पोखराका विभिन्न स्थानबाट त्यस्ता १४ वटा मोटरसाइकल नियन्त्रणमा लिइ कानुनी कारबाहीको दायरामा ल्याइएको जिल्ला प्रहरी कार्यालयले जनाएको छ। प्रहरीले स्वरूप परिवर्तन गरी ध्वनि प्रदूषण गरेको आरोपमा यही साउन ७ गते ३३ र ६ गते १८ मोटरसाइकललाई नियन्त्रणमा लिइ कारबाही गरेको थियो ।

जिल्ला प्रहरी कार्यालय र जिल्ला ट्राफिक प्रहरी कार्यालयले संयुक्त रूपमा सुरु गरेको 'अप्रेसन ३६५'का क्रममा हालसम्म ७९८ वटा सवारीसाधन र ३६ जना चालकलाई कारबाही गरिएको जिल्ला प्रहरी कार्यालयका प्रहरी नायब उपरीक्षक वीरेन्द्रकुमार पासवानले बताउनुभयो ।

मोटरसाइकलका पार्टपुर्जा फेरेर स्वरूप परिवर्तन गर्ने, साइलेन्सरबाट चर्को र पड्किने आवाज निकाल्ने, रातका समयमा ध्वनि प्रदूषण गर्ने, समाजको शान्ति सुव्यवस्था खलबलाउनेजस्ता गतिविधि भइरहेको जनगुनासो बढेपछि प्रहरीले यस्ता गतिविधिलाई नियन्त्रणमा लिन गत वर्षदेखि 'अप्रेसन ३६५' सञ्चालन गरेको थियो ।

स्वीकृति नलिइ सवार साधनको साइलेन्सर, सिट, रङ, स्वरूप, नम्बर प्लेट, लुकिङ ग्लास, सक, ह्याण्डल, इञ्जिन, चेसिसमा परिवर्तन गर्ने वा ध्वनि प्रदूषण हुने खालका पार्टपूर्जा जडान गरेमा सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ बमोजिम रु १५ हजारसम्म जरिवाना हुने व्यवस्था छ ।

प्रहरीले मोटरसाइकलमा होहल्ला गर्दै हिँड्ने, ध्वनि प्रदूषण गर्ने र स्वरूप परिवर्तन गरिएका मोटरसाइकल देखिएमा नजिकको प्रहरी कार्यालयमा खबर गर्ने अनुरोध गरेको छ । सूचना दिने व्यक्तिको गोपनीयता कायम राखिने जनाइएको छ ।


**बर्डफ्लुजन्य जोखिमबाट सुरक्षित बनौं**

- कुखुरा तथा पन्छीपालनमा सुरक्षा तथा सावधानीका उपाय अपनाऔं,
- अस्वस्थ वा मरेका पन्छीको सम्पर्कबाट टाढा रहौं,
- पन्छी छोएपछि साबुनपानीले राम्रोसँग हात धुने बानी बसालौं,
- कुखुरा तथा अण्डा राम्ररी पकाएर मात्र खाने गरौं,
- पन्छीपालन क्षेत्र र वरपरको वातावरण सफा राखौं,
- शंकास्पद लक्षण देखिए वा पन्छी मरेमा सम्बन्धित निकायलाई जानकारी गराऔं,
- पन्छीको अवैध ओसारपसार र बिक्री वितरण रोक्न सहयोग गरौं,
- स्वास्थ्य सुरक्षाका उपाय अपनाई रोगको जोखिम घटाऔं।

सावधानी अपनाऔं, बर्डफ्लुको जोखिम घटाऔं

**नेपाल सरकार**
**विज्ञापन बोर्ड**



**सुपथ मूल्यमा आकर्षक छपाइ**



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।

**हिमालय अफसेट प्रेस**
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# कालीगण्डकीमा तीन सन्तान जन्माउने १७ परिवार लाभान्वित

**पोखरापत्र संवाददाता**
स्याङ्जा, १० साउन

स्याङ्जाको कालीगण्डकी गाउँपालिकामा तीन सन्तान जन्माउने १७ परिवार लाभान्वित भएका छन् ।

जनसंख्या घट्दै जाने दरलाई निरुत्साहित गर्न 'तीन सन्तान जन्माउने परिवारलाई आर्थिक सहायता' कार्यक्रमअन्तर्गत गएको आर्थिक वर्षमा १७ परिवार लाभान्वित भएका हुन् ।

गाउँपालिकाले गएको आर्थिक वर्ष २०८२/८३ देखि तेस्रो सन्तान जन्माउने परिवारलाई मासिक चार हजार रुपैयाँका दरले आर्थिक सहायता उपलब्ध गराउँदै आएको छ । परिवारलाई सन्तानप्रति सकारात्मक सोच विकास गराउने, घट्दो जन्मदरलाई सन्तुलनमा ल्याउने तथा पोषणमैत्री स्थानीय शासनलाई प्रभावकारी बनाउने उद्देश्यले आर्थिक सहायता दिइएको गाउँपालिकाले जनाएको छ ।

'तीन सन्तान जन्माउने परिवारलाई आर्थिक सहायता प्रदान गर्ने कार्यविधि-२०८२' अनुसार आवश्यक मापदण्ड पूरा गरेका १७ परिवारलाई गएको वर्षदेखि अनुदान दिएको गाउँपालिकाका कार्यवाहक अध्यक्ष सावित्रा कोइरालाले जानकारी दिइन् । पछिल्ला वर्षहरूको तथ्याङ्क अनुसार गाउँपालिकामा जन्मदर निरन्तर घट्दै गएको अवस्था विश्लेषण गरेर सहायता नीति अगाडी सारिएको हो । कार्यविधिअनुसार लाभग्राहीलाई दुई वर्षसम्म मासिक चार हजार रुपैयाँका दरमा नगद उपलब्ध गराइने छ । कार्यक्रमको उद्देश्य केवल आर्थिक सहयोग गर्नु मात्र नभएर पछिल्ला वर्षमा घट्दो जन्मदरप्रति समुदायको ध्यानाकर्षण गराउँदै परिवारलाई केही राहत स्वरुपमा नगदै उपलब्ध गराएको गाउँपालिकाले जनाएको छ ।

'पहिले दुई सन्तानलाई आदर्श मान्ने अभियान चलाइयो, तर अहिले धेरै ठाउँमा जन्मदर अत्यधिक घट्दै गएको चुनौती देखिएको छ।' कोइरालाले भनिन्, 'त्यसैले स्थानीय आवश्यकता र भविष्यको जनसंख्याको अवस्थालाई ध्यानमा राखेर परिवारलाई प्रोत्साहन गर्ने उद्देश्यले कार्यक्रम ल्याएका हौं ।' आर्थिक सहायतासँगै सन्तान हुर्काउने परिवारलाई स्थानीय सरकारले साथ दिएको अनुभूति पनि गराउने विश्वास लिएको उनले बताइन् ।

गाउँपालिकाले २०८२ सालको साउन महिनादेखि तेस्रो सन्तान जन्माउने स्थायी बासिन्दालाई आवश्यक कागजातसहित सम्बन्धित वडा कार्यालयमा निवेदन दिन आग्रह गरेको थियो । गाउँपालिकाले कार्यविधिमार्फत तेस्रो सन्तान नेपाल सरकारबाट सूचीकृत स्वास्थ्य संस्थामै जन्मिएको हुनुपर्ने अनिवार्य व्यवस्था गरेको छ । मापदण्डमा निवेदनसँगै आमाबुबाको नेपाली नागरिकताको प्रतिलिपि, तीनै सन्तानको जन्मदर्ताको प्रमाणपत्र, विवाहदर्ता प्रमाणपत्र तथा बसाइँ सरी आएकाको हकमा बसाइँसराइ प्रमाणपत्र पेस गरेका परिवारमध्ये गएको वर्षमा १७ परिवार अनुदानका लागि योग्य ठहरिएको गाउँपालिकाका स्वास्थ्य शाखा प्रमुख एकबहादुर थापाले बताए ।

तीन सन्तान प्रोत्साहन कार्यक्रमलाई गएको आर्थिक वर्षमा १० लाख रुपैयाँ विनियोजन गरेको गाउँपालिकाले चालु आर्थिक वर्ष २०८३/८४ का लागि १५ लाख रुपैयाँको बजेट सुनिश्चित गरेको छ ।

स्थानीय सरकारले जनसंख्या सन्तुलन, मातृ तथा शिशु स्वास्थ्य प्रवर्द्धन, पोषण सुरक्षा र परिवारलाई प्रोत्साहन गर्ने उद्देश्यले सञ्चालित कार्यक्रमलाई जिल्लामै पृथक र उदाहरणीय अभ्यासका रूपमा हेरिएको छ ।

# 'कञ्चन पत्रकारिता पुरस्कार' सारूमगर र जिटीलाई

**पोखरापत्र संवाददाता**
पोखरा, १० साउन

नेपाल आदिवासी जनजाति पत्रकार महासङ्घ (फोनिज) गण्डकीमा स्थापित 'कञ्चन पत्रकारिता पुरस्कार-२०८३' कास्कीका खेम सारूमगर र स्याङ्जाका गोपाल जिटीलाई प्रदान गरिने भएको छ ।

फोनिजका सङ्घीय सल्लाहकार शान्ति गुरुङको संयोजकत्वमा रहेको प्रतिभा छनोट समितिले पुरस्कारका लागि उहाँहरूको नाम सिफारिस गरेको हो । पुरस्कारको राशि जनही रु २५ हजार र सम्मानपत्र छ ।

सारूमगर सार्वजनिक सेवा प्रसारण रेडियो नेपाल, प्रादेशिक प्रसारण केन्द्र पोखरामा कार्यरत हुनुहुन्छ । स्याङ्जाका जिटी प्रमाण मिडिया ग्रुप प्रालिअन्तर्गतको प्रमाण न्यूज साप्ताहिक र प्रमाण अनलाइनमा कार्यरत हुनुहुन्छ । फोनिज स्थापना दिवसका अवसरमा यही साउन २१ गते पोखरामा आयोजना हुने समारोहमा पुरस्कार प्रदान गरिने फोनिज गण्डकीका अध्यक्ष खिमा गुरुङले जानकारी दिनुभयो ।

पोखराका व्यवसायी विमलमान गुभाजु र उहाँको परिवारले आफ्ना बाबुआमा वेदमान गुभाजु र नेत्रकुमारी गुभाजुको स्मृतिमा यो पुरस्कार स्थापना गरेका हुन् ।

यसअघि उक्त पुरस्कारबाट कास्कीका रुद्रबहादुर थापा, शान्ति गुरुङ, उदयबहादुर अमात्य, हुमबहादु तमु, दीपेन्द्र श्रेष्ठ, राम गुरुङ, बागलुङका राजेशचन्द्र राजभण्डारी, नवलपुरका केवी राना, लमजुङका आश गुरुङ, मुस्ताङका सुन्दरकुमार थकाली, नवलपुरकै कमला राना र गोरखाका कैलाशबाबु श्रेष्ठ सम्मानित भइसक्नुभएको छ ।

# नेकपाको नेतृत्वमा कर्णाली सरकार गठन हुने

**पोखरापत्र संवाददाता**
पोखरा, १० साउन

नेपाल कम्युनिष्ट पार्टी (एमाले) र नेपाली कम्युनिष्ट पार्टी (नेकपा) बीच अर्को सत्ता समीकरणका लागि शनिबार राष्ट्रिय सहमति भएसँगै कर्णालीमा नेकपाको नेतृत्वमा सरकार गठन हुने भएको छ ।

एमाले अध्यक्ष केपी शर्मा ओली र नेकपाका संयोजक पुष्पकमल दाहाल 'प्रचण्ड'द्वारा शनिबार हस्ताक्षरित राष्ट्रिय सहमतिले यसअघि गरिएको प्रदेशको सत्ता समीकरण प्रभावित हुने भएको छ । त्यसको प्रत्यक्ष प्रभाव कर्णालीमा परेको छ । कर्णाली प्रदेश सरकारबाट नेपाली काग्रेसले गत असार ३१ समर्थन फिर्ता लिएपछि मुख्यमन्त्री यामलाल कँडेल नेतृत्व सरकार अल्पमतमा परेको थियो ।

असार ३२ गते मुख्यमन्त्री कँडेलविरुद्ध प्रदेशसभामा अविश्वासको प्रस्ताव दर्ता भएको थियो । नेपाली कांग्रेस कर्णाली प्रदेशससभा दलका नेता जीवनबहादुर शाहीको नेतृत्वमा सरकार निर्माण गर्ने भन्दै नेकपाका ११ र कांग्रेसका पाँच गरी १६ प्रदेशसभा सदस्यहरूले मुख्यमन्त्री कँडेलविरुद्ध अविश्वास प्रस्ताव प्रदेशसभा सचिवालयमा दर्ता गराएका थिए । उक्त दर्ता प्रस्तावमाथिको छलफल गर्न कर्णाली प्रदेशसभाको दोस्रो कार्यकालको आठौं अधिवेशनको २२ औं बैठक बोलाइएको थियो । बैठकलाई सम्बोधन गर्दै मुख्यमन्त्री कँडेलले पदबाट राजीनामा दिनुभएको थियो ।

प्रदेश सरकारबाट मुख्यमन्त्री कँडेलले शनिबार पदबाट राजीनामा दिएपछि नयाँ सरकार निर्माणको ढोका खुलेको छ । सभामुख नन्दा गुरुङले कर्णाली प्रदेशसभाको बैठक यही साउन १४ गते बिहीबार दिउँसो ३:०० बजे बस्ने बताउनुभयो ।

# दशौँ रारा पोखरा स्पोर्ट्स अवार्डबाट ३४ लाख आम्दानी ७ लाख ७१ हजार रुपैयाँ बचत

**पोखरापत्र संवाददाता**
पोखरा, १० साउन

नेपाल खेलकुद पत्रकार मञ्च गण्डकीले गत वैशाखमा आयोजना गरेको दशौँ रारा पोखरा स्पोर्ट्स अवार्डबाट ३४ लाख ७५ हजार ९३८ रुपैयाँ आम्दानी गर्न सफल भएको छ ।

मञ्चले आइतबार पोखरामा आयोजना गरेको आयव्यय सार्वजनिक तथा समिक्षात्मक छलफल कार्यक्रममा उक्त अवार्ड सम्पन्न गर्न उक्त रकम आम्दानी हुँदा ७ लाख ७१ हजार ४ सय १८ रुपैयाँ बचत भएको मञ्चले जनाएको छ ।

गत वैशाख ३१ गते सम्पन्न दशौँ पोखरा स्पोर्ट्स अवार्ड सम्पन्न गर्न विभिन्न शिर्षमा गरी २७ लाख ४ हजार ५ सय २० रुपैयाँ खर्च भएको मञ्चका कोषाध्यक्ष विमल तिवारीले बताउनुभयो । सार्वजनिक गरिएको आर्थिक विवरणअनुसार पुरस्कारमा सबैभन्दा बढी १० लाख ३७ हजार ४ सय ६० रुपैयाँ खर्च गरिएको छ । त्यस्तै खाजा, खाना तथा आवासमा ६ लाख ९८ हजार ३६४ रुपैयाँ, टिसर्ट तथा ट्र्याकसुट खरिदमा ४ लाख २२ हजार रुपैयाँ, साउण्ड तथा एलईडी



व्यवस्थापनमा १ लाख ७९ हजार रुपैयाँ, कार्यालय सञ्चालनमा ९६ हजार ९४२ रुपैयाँ, प्रचारप्रसारमा ९८ हजार रुपैयाँ, यातायातमा ६७ हजार ५५४ रुपैयाँ, छपाइमा ६० हजार २०० रुपैयाँ तथा सांगीतिक एवं अवार्ड कार्यक्रम सञ्चालनमा ४५ हजार रुपैयाँ खर्च भएको सार्वजनिक गरिएको प्रतिवेदनमा उल्लेख गरिएको छ । आम्दानीतर्फ प्रदेश खेलकुद परिषद् गण्डकी, पोखरा महानगरपालिका, राष्ट्रिय खेलकुद परिषद्, गण्डकी प्रदेश सरकार, विभिन्न स्थानीय तह, बैंक तथा निजी क्षेत्रका संस्थाहरू, प्रायोजक र सहप्रायोजकबाट उल्लेखनीय आर्थिक सहयोग प्राप्त भएको मञ्चले जनाएको छ । यसबाहेक खल्ती-आईएमईमार्फत सञ्चालन गरिएको पिपुल्स च्वाइस भोटिङबाट समेत राम्रो आम्दानी भएको प्रतिवेदनमा उल्लेख गरिएको छ ।

पत्रकार सम्मेलनमा अध्यक्ष यामबी आस्था मगरले पोखरा स्पोर्ट्स अवार्ड सफलतापूर्वक सम्पन्न गर्न सरकारी निकाय, स्थानीय तह, निजी क्षेत्र, प्रायोजक संस्था तथा सहयोगीहरूको महत्वपूर्ण साथ रहेको बताउनु भयो । नेपाल पत्रकार महासंघ कास्कीका कार्यवाहक अध्यक्ष माधव रेग्मीले पोखरा स्पोर्ट्स अवार्ड अहिले पोखराको पहिचान र प्रतिष्ठासँग जोडिएको कार्यक्रमका रूपमा स्थापित भइसकेको उल्लेख गर्नुभयो ।

कार्यक्रममा मञ्च गण्डकीका संस्थापक अध्यक्ष केशव पाठक, पुर्व अध्यक्ष एकराज गिरी, पोखरा स्पोर्ट्स अवार्डका पहिलो संयोजक सन्देश श्रेष्ठ, उपाध्यक्ष राजाराम पौडेल, मञ्चका महासचिव परशुराम शर्माले लगायतले पोखरा स्पोर्ट्स अवार्डले गण्डकी प्रदेशको खेलकुद क्षेत्रको प्रवर्द्धन, खेलाडीको सम्मान र खेल संस्कृतिको विकासमा महत्वपूर्ण योगदान पुऱ्याउँदै आएको बताउनु भयो । गत वैशाख ३१ गते सम्पन्न दशौँ पोखरा स्पोर्ट्स अवार्डमा टेनिसका प्रदीप खड्का र एथलेटिक्सकी नारायणी भण्डारी वर्ष उत्कृष्ट पुरुष तथा महिला खेलाडी घोषित हुँदै जुम स्कुटरबाट पुरस्कृत हुनु भएको थियो । त्यसैगरी, पिपुल्स च्वाइस अवार्ड भलिबल खेलाडी राजन दर्लामी मगरले जित्दै स्कुटर हात पारेका पार्नु भएको थियो । कास्की जिल्ला क्रिकेट संघ वर्ष उत्कृष्ट खेलकुद संघ घोषित हुँदा ब्याडमिन्टनकी निभा राई वर्ष उदयीमान खेलाडी घोषित भएकी हुनु भएको थियो । बर्ष उत्कृष्ट पत्रकारमा भने दीननाथ बराल सम्मानित हुनु भएको थियो । हिमश्री फुड्स् प्रालिको उत्पादन रारा तयारी चाउचाउले उक्त अवार्डको मुख्य प्रायोजन गरेको थियो ।

# मोबाइल नदिएको निहुँमा साथीको हत्या

**पोखरापत्र संवाददाता**
पोखरा, १० साउन

मोबाइल नदिएको निहुँमा बागलुङको बडिगाड गाउँपालिका-१ का १७ वर्षीय लजिन थापालाई उनकै साथीहरुले कुटपिट गरी हत्या गरेको खुलेको छ ।

यही साउन १ गते सोही ठाउँका असिम वनको जन्मदिन मनाउन गएका थापाको बिहीबार स्थानीय मनखोलामा शव फेला परेको थियो ।

घटनामा संलग्न रहेको आरोपमा २० वर्षीय रेमबहादुर विक, १९ वर्षीय सुदीप विक, १६ वर्षीय असिम वन र १५ वर्षीय ददी परियारलाई नियन्त्रणमा लिइएको जिल्ला प्रहरी कार्यालयले जनाएको छ ।जन्मदिन मनाउने क्रममा साथीहरु मिलेर राति अबेरसम्म मदिरा सेवन गरेको र घर फर्कने क्रममा मोबाइलका विषयमा झगडा हुँदा कुटपिट गरीको थापाको हत्या गरिएको पाइएको कार्यालयका प्रहरी उपरीक्षक फडिन्द्र प्रसाईंले बताउनुभयो ।

"लजिन थापासँग रहेको आइफोन मोबाइल माग्दा नदिएपछि उनीहरुबीच एकापसमा झगडा भएको देखिन्छ", उहाँले भन्नुभयो, "कुटपिटबाट बेहोस भएका लजिनको मृत्यु भएपछि घटनास्थलदेखि झण्डै आधा घण्टा दूरीमा शव लुकाएर राखेको अवस्था भेटिएको छ ।"

जन्मदिन मनाउने क्रममा सात जना रहे पनि अरु घरतर्फ लागेपछि रेमबहादुर र ददी लजिन थापालाई पछ्याउँदै गएर एकान्तस्थलमा पुगी आक्रमण गरेको प्रहरी उपरीक्षक प्रसाईंले बताउनुभयो । साउन १ गत राति २:३० बजेसम्म लजिनका साथीहरु मिलेर स्थानीय दगातुम्डाँडा प्राथमिक विद्यालयमा बसी मदिरा सेवन गरेको प्रारम्भिक अनुसन्धानबाट खुलेको उहाँको भनाइ छ ।

जन्मदिन मनाउने क्रममा एक जना नौ वर्षीय बालकसमेत सहभागी रहेको प्रहरीले जनाएको छ ।

हप्ता दिनसम्म लजिनको अवस्था पत्ता नलागेपछि प्रहरीले प्राविधिक विज्ञ, तालिमप्राप्त कुकुर, ड्रोन क्यामेरालगायतको सहयोगबाट खोजतलास गरेको थियो । नियन्त्रणमा लिएकाहरूलाई व्यक्ति बेपत्ता पारेको कसुरमा मुद्दा दर्ता गरी थप अनुसन्धान अघि बढाइएको जिल्ला प्रहरी कार्यालयले जनाएको छ ।

काठमाडौँकोधुम्बराहीस्थित साइपल कलेजमा कक्षा ११ मा अध्ययनरत लजिन केही समयअघि घर आएका थिए । साथीको जन्मदिन मनाउन गएका उनी आफ्नै साथीहरुबाट हत्याको सिकार भएका छन् ।

# सरकारी ...

अनशनमा हुनुहुन्छ । स्वास्थ्यमा समस्या देखिएपछि शनिबारदेखि सेती प्रादेशिक अस्पतालको सघन उपचार कक्षमा राखेर उहाँको उपचार भइरहेको छ ।

डा केसीले गेटास्थित सहिद दशरथचन्द स्वास्थ्य विज्ञान विश्वविद्यालयलगायत चिकित्सा शिक्षा आयोगमा स्वार्थ बाझिने गरी भएका नियमविपरितका नियुक्ति बदर गरी ऐनका विवादित प्रावधान शीघ्र संशोधन, चिकित्सा शिक्षा आयोगमार्फत छात्रवृत्ति कटौती गर्ने र मापदण्ड तथा पूर्वाधारविना निजी कलेजहरूमा सिट वृद्धि गर्ने निर्णय वा प्रस्तावहरू तत्काल खारेजीको माग गर्नुभएको छ ।

राष्ट्रिय चिकित्सा शिक्षा ऐन, २०७५ बमोजिम चिकित्सा शिक्षालाई पूर्ण गैरनाफामूलक बनाउने कानुनी प्रावधान शीघ्र कार्यान्वयन गर्नुका साथै विगतमा सरकारसँग भएका लिखित सहमतिहरूको पालना, सुदूरपश्चिमलगायत सीमावर्ती क्षेत्रका नागरिकहरू स्वास्थ्य, शिक्षा, यातायात र रोजगारीकालागिछिमेकीमुलुकसँग परनिर्भर हुनुपर्ने बाध्यताको अन्त्य गर्दै नागरिक अधिकार र राष्ट्रिय आत्मसम्मानको रक्षाका लागि आवश्यक पूर्वाधार तथा सेवा प्राथमिकताका साथ विस्तार गर्नुपर्ने माग गरिएको छ । यसैगरी गत भदौ २३ र २४ गते भएका जघन्य हत्या, आगजनी, लुटपाटलगायत घटनाका दोषीलाई कारबाही तथा २०४६ सालदेखि हालसम्मका उच्च पदस्थ राजनीतिज्ञ र पदाधिकारीहरूबाट भएका भ्रष्टाचार एवं अपराधको निष्पक्ष छानबिन गरी दोषीमाथि कारबाही गरिनुपर्ने डा केसीको माग छ ।

# दुई हजार एम्बुलेन्स थन्किए

**रासस**
काठमाडौं, १० साउन

नवीकरण हुन नसक्दा देशभरका दुई हजार एम्बुलेन्स थन्किएका छन् । स्वास्थ्य ऐन, २०७५ ले स्वास्थ्य संस्थाबाहेकलाई एम्बुलेन्स सञ्चालन गर्न रोक लगाएपछि नवीकरण हुन नसकेर ती एम्बुलेन्स थन्किएका हुन् ।

संयुक्त एम्बुलेन्स चालक सङ्घ नेपाल (ट्रेड युनियन सङ्घ) का अध्यक्ष नवराज लामिछानेका अनुसार स्वास्थ्य संस्थाबाहेकले सञ्चालन गरेका एम्बुलेन्स नवीकरण भएका छैनन् । यो सङ्ख्या अरु थप एक हजार ५०० रहेको उहाँले जानकारी दिनुभयो ।

देशभरमा छ हजार हाराहारी एम्बुलेन्स रहेको तथ्याङ्क छ । तीमध्ये स्वास्थ्य सङ्घसंस्थाले सञ्चालन गरेका एम्बुलेन्स नवीकरण भएका छन् भने गैरसरकारी संस्था र निजी क्षेत्रले सञ्चालन गरेका एम्बुलेन्स सञ्चालन हुन नसकेका हुन् । ऐन आएदेखि नै निरन्तर रुपमा संशोधनका लागि सरकारी तवरमा पहल गर्ने काम भइरहेको अध्यक्ष लामिछानेले जानकारी दिनुभयो ।

पूर्वस्वास्थ्यमन्त्री डा सुधा शर्मालाई उक्त समस्याबारे अवगत गराएको अध्यक्ष लामिछाने बताउनुहुन्छ । नयाँ सरकार गठन भएपछि स्वास्थ्य मन्त्रीसमक्ष आफ्ना समस्या राख्ने तयारीमा आफूहरु रहेको उहाँको भनाइ छ । ऐन संशोधन नभएमा धेरै एम्बुलेन्स थन्किने र आम नागरिकले सहज रुपमा सेवा पाउन कठिन हुने उहाँले बताउनुभयो । अध्यक्ष लामिछानेले भन्नुभयो, "मानवतासँग प्रत्यक्ष जोडिएकाले यस विषयलाई नयाँ सरकारले गम्भिरताका साथ हेर्नुपर्छ ।" यसबाट चालकको रोजगारीसमेत गुमेको उहाँले बताउनुभयो ।




फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध सम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७६५७ E-mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा ।

# प्रश्नपत्र चुहावट: यसरी सम्भव भयो २४ घण्टाभित्रै आरोपित पक्राउ

**रासस**
काठमाडौं, १० साउन

त्रिभुवन विश्वविद्यालय (त्रिवि) व्यवस्थापन सङ्कायअन्तर्गत स्नातकोत्तर (एमबिएस) प्रथम सेमेस्टरको परीक्षा सुरु भएको छ मिनेटमै ह्वाट्सएप ग्रुपबाट प्रश्नपत्र बाहिरियो ।

हजारभन्दा बढी सदस्य रहेको ':द्यक १कत क्भ्क क्भअतष्यल ऋ' नामको ह्वाट्सएप ग्रुपमा प्रश्नपत्रको एम मात्र पोष्ट भएन, 'सर सोलुसन पनि पठाइदिनु न' भन्दै उत्तरको मोलमोलाइ र लेनदेनसमेत सुरु भयो ।

परीक्षाको मर्यादा, शैक्षिक विश्वसनीयता र हजारौँ होनहार विद्यार्थीको भविष्यमाथि खेलबाड गर्ने यो घटना बाहिरिनेबित्तिकै शिक्षा तथा खेलकुदमन्त्री सस्मित पोखरेलले यसलाई सामान्य ढिलासुस्तीमा छाडेनन् । घटना सार्वजनिक हुनासाथ उहाँको 'र्‍यापिड एक्सन' (तत्काल कदम)कै कारण २४ घण्टा नबित्दै घटनामा संलग्न मुख्य आरोपितहरूलाई प्रहरीले नियन्त्रणमा लियो ।

यही साउन ८ गते परीक्षा सुरु भएको केही मिनेटभित्रै ह्वाट्सएप ग्रुपमा प्रश्नपत्र छ्यापछ्याप्ती भयो । ग्रुपमा 'सुलब सर' नाम गरेका व्यक्तिले प्रश्नपत्र पठाउँदै 'इको (अर्थशास्त्र) को पनि दिन्छु, राम्रोसँग हेर्नुहोला' भन्दै विद्यार्थीलाई विश्वस्त पारिरहेका थिए । परीक्षा चलिरहेकै समयमा मोबाइलको प्रयोग र प्रविधिको दुरुपयोग गरी सङ्गठित रूपमा प्रश्नपत्र 'लिक' गराउने गिरोह सक्रिय रहेको पुष्टि भएपछि चौतर्फी आक्रोश उत्पन्न भयो ।

प्रविधिको प्रयोग गरेर गराइएको यो अपराधलाई कारबाहीको दायरामा ल्याउन शिक्षामन्त्री पोखरेलले तत्कालै प्रहरी नेतृत्वसँग समन्वय गर्नुभयो । उहाँले नेपाल प्रहरीका महानिरीक्षक दानबहादुर कार्कीलाई फोन गरी केन्द्रीय अनुसन्धान ब्युरो (सिआइबी) र साइबर ब्युरोलाई २४सै घण्टा परिचालन गर्न निर्देशन दिनुभयो । मन्त्री पोखरेलको निर्देशन र 'जिरो टोलरेन्स' नीतिका कारण प्रहरीको प्राविधिक टोलीले डिजिटल फुटप्रिन्ट र ह्वाट्सएप ग्रुपको सूक्ष्म विश्लेषण गर्‍यो । नतिजास्वरुप २४ घण्टाभित्रै प्रश्नपत्र लिक गराउने मुख्य सूत्रधार भनिएका 'सुलब सर'सहित स्क्रिनसटमा नाम देखिएका अर्का एक जनालाई प्रहरीले पक्राउ गर्न सफल भयो । शिक्षामन्त्री पोखरेल भन्नुहुन्छ, 'शैक्षिक अपराधमा कसैलाई छुट छैन' । घटनापछि मन्त्री पोखरेलले विश्वविद्यालय र शैक्षिक प्रणालीलाई स्वच्छ बनाउने आफ्नो प्रतिबद्धता दोहोर्‍याउनुभयो । उहाँले त्रिविको परीक्षा प्रणालीमा देखिएको यो विकृतिविरुद्ध कडा कदम चाल्ने स्पष्ट पार्नुभयो ।

मन्त्री पोखरेलले परीक्षा सञ्चालन र प्रश्नपत्रको सुरक्षामा लापरबाही गर्ने विश्वविद्यालयका आन्तरिक संयन्त्रमाथि पनि छानबिन गरिने र दोषी पाइए जोसुकै भए पनि कारबाहीको दायरामा ल्याइने बताउनुभयो ।

त्रिविद्वारा छानबिन समिति गठन

यसैक्रममा त्रिवि व्यवस्थापन सङ्कायको डीन कार्यालयले पनि शिक्षामन्त्री पोखरेलको निर्देशनमा घटनाको गाम्भीर्यतालाई ध्यानमा राख्दै प्रा डा अच्युत ज्ञवालीको संयोजकत्वमा तीन सदस्यीय छानबिन समिति गठन गरेको छ । समितिले परीक्षा केन्द्रको सुरक्षा चुस्तता, प्रश्नपत्र बाहिरिनुको आन्तरिक कारण र भविष्यमा यस्ता घटना दोहोरिन नदिने उपायबारे अध्ययन गरी प्रतिवेदन बुझाउनेछ ।

विगतमा विश्वविद्यालयमा प्रश्नपत्र बाहिरिँदा वा परीक्षामा धाँधली हुँदा छानबिन समितिमै कुरा अल्झिने र दोषी उम्किने परिपाटी थियो । यसपटक शिक्षामन्त्री पोखरेलको सक्रियता र प्रहरीको द्रुत कारबाहीले शैक्षिक क्षेत्रमा एउटा सकारात्मक र बलियो सन्देश दिएको छ शैक्षिक अपराधमा अब कानुनले कुनै मोलाहिजा गर्ने छैन । चौबिस घण्टाभित्रै आरोपित पक्राउ पर्नुले सरकार र शिक्षा मन्त्रालय शैक्षिक सुधार र सुशासनप्रति कतिको गम्भीर छ भन्ने कुराको पुष्टि गरेको छ ।



आधार शिविरमा निर्माणाधीन होटल : अन्नपूर्ण गाउँपालिकास्थित विश्वप्रसिद्ध अन्नपूर्ण आधार शिविरमा निर्माणाधीन होटल । तस्बिरः विष्णु नेपाल/रासस

# सीमा सहजीकरणका लागि सशस्त्रको 'बोर्डर इन्टरयाक्सन टिम' परिचालन

**रासस**
काठमाडौं, १० साउन

सीमा सहजीकरण तथा सीमा इलाकामा हुनसक्ने अवैध क्रियाकलाप नियन्त्रण र सूचना सङ्कलनका लागि सशस्त्र प्रहरी बल नेपालको 'बोर्डर इन्टरयाक्सन टिम (सीमा संवाद समूह) परिचालन गरिएको छ ।

झापाको काँकडभिट्टा, मोरङको रानी, पर्साको वीरगन्ज, रुपन्देहीकोडण्डा,बाँकेकोजमुनाह, कञ्चनपुरको गड्डाचौकी र कैलालीको गौरीफन्टामा सशस्त्र प्रहरी नायब निरीक्षकको कमाण्डमा प्रत्येक नाकामा १४ जनाको टोली आजदेखि परिचालन गरिएको हो । सो टोली उक्त क्षेत्रमा रहेको सशस्त्र प्रहरी सीमासुरक्षा गुल्ममा तैनाथ रही सीमाको मुख्य नाकामा परिचालन हुने सशस्त्रका सहप्रवक्ता शैलेन्द्र थापाले जानकारी दिनुभयो । यसैबीच, सशस्त्र प्रहरी महानिरीक्षक नारायणदत्त पौडेलले आज रुपन्देहीको डण्डास्थित सीमासुरक्षा गुल्मबाट सो टोली परिचालनको शुभारम्भ गर्नुभयो ।

सो क्रममा उहाँले सीमा क्षेत्रमा हुने दैनिक क्रियाकलापका बारेमा समेत जानकारी लिनुभएको छ । सो टोलीले विशेषगरी सीमा क्षेत्रमा आवतजावत गर्ने महिला, बालबालिका र वृद्धवृद्धाको सहजीकरण, मावनबेचबिखन नियन्त्रण तथा उद्धार, प्रतिबन्धित लागुऔषध, वन्यजन्तुलगायत सामग्रीको निगरानी, नियन्त्रण तथा जाँचमा कडाइका साथ काम गर्नेछ ।

टोलीबाट सीमा क्षेत्रमा परिचालित सरोकारवाला निकाय तथा अन्य सुरक्षा नियकाहरुसँग समन्वयमा सीमा इलाकामा हुनसक्ने आपराधिक क्रियाकलाप रोकथाम, नियन्त्रणलगायत अन्य 'अप्रेसनल' कामकारबाहीमा समेत सहयोग पुग्ने सशस्त्रको विश्वास छ ।

आजै अन्य नाकामा समेत सम्बन्धित बाहिनीका बाहिनीपतिले टोली परिचालनको शुभारम्भ गरेका छन् । मुख्य सीमा नाकामा परिचालन हुने सो टोलीमा प्रत्येक सिफ्टमा एक जना महिला सशस्त्र प्रहरी कर्मचारीसहित बिहान ६:०० बजेदेखि बेलुकी ८:०० बजेसम्म सादा पोसाकमा रहने छन् ।

# भजनमा रमाउँदै युवा

**नारायण अधिकारी**
चितवन, १० साउन

केही वर्षअघिसम्म भजनकीर्तन भनेपछि धेरैको मनमा उमेर ढल्किएका बुबाआमाको समूह, मन्दिरको शान्त वातावरण र सीमित सहभागिताको चित्र आउँथ्यो । तर चितवनमा भने त्यो धारणा बदलिँदै गएको छ ।

अहिले हरेक शनिबार साँझ मन्दिर परिसरमा सयौँ युवा भेला हुन्छन् । मादल, झ्याली र हार्मोनियमको तालसँगै उनीहरू भजनमा रमाउँछन्, नाच्छन् र आधा घण्टा होइन, डेढ घण्टासम्म भजनकीर्तनको लयमा डुब्छन् ।

यसका कारण हो, सामाजिक सञ्जालबाट जन्मिएको ' एमआरआर' (मेन्स रुम रिलोडेड) अभियान । गत वर्ष साउनमा भरतपुरस्थित महाकालेश्वर शिवालय मन्दिरबाट २० जना सहभागी भएर सुरु भएको यो अभियान अहिले चितवनका विभिन्न मन्दिरमा विस्तार भएको छ । अहिले हरेक शनिबार साँझ ५:०० बजेदेखि ६:३० बजेसम्म हुने भजनमा एक हजारभन्दा बढी सहभागी हुने गरेका छन् ।

अभियानका संयोजकमध्येका एक फणिन्द्र न्यौपानेका अनुसार सुरुमा केही युवाको प्रयासमा सुरु गरिएको भजन अहिले समुदायको साझा अभियान बनेको छ । "सुरुसुरुमा २०-२५ जना मात्रै हुन्थ्यौँ", उहाँ भन्नुहुन्छ, "अहिले त सहभागीको



सङ्ख्या थामिनसक्नु भएको छ ।" एमआरआरको विशेषता एउटै स्थानमा सीमित नहुनु हो । हरेक शनिबार फरकफरक मन्दिरमा भजन आयोजना गरिन्छ । मन्दिर व्यवस्थापन समितिले समूहलाई निमन्त्रणा गर्ने गर्छ । त्यसपछि संयोजक न्यौपाने, एकान्त प्रेमी र रवि खरेलले कुन मन्दिरमा जाने भन्ने निर्णय गर्छन् । सामाजिक सञ्जालमार्फत स्थान र समय सार्वजनिक गरिन्छ र त्यसपछि स्थानीयवासी स्वतः भजनमा सहभागी हुन पुग्छन् ।

भजनका लागि करिब ४०-५० जना युवा वाद्यवादन सामग्रीसहित मन्दिर पुग्ने गर्छन् भने मन्दिरले बस्ने व्यवस्था र 'साउण्ड सिस्टम' उपलब्ध गराउँछ । सामान्यतया २५ देखि ४० वर्ष उमेर समूहका युवाको सहभागिता बढी हुने गरेको छ । एमआरआरमा सहभागी युवाले भजनका लागि कुनै शुल्क लिँदैनन् । अभियान पूर्ण रूपमा स्वःस्फूर्त र सेवामूलक रहेको न्यौपाने बताउनुहुन्छ । प्राथमिकता चितवनभित्रका मन्दिरलाई दिइए पनि आवश्यकताअनुसार अन्य जिल्लामा पनि भजन गर्न जाने गरिएको छ । भजन आरतीसँगै सुरु हुन्छ । त्यसपछि युवाले पालैपालो टुक्का निकालेर भजन गाउँछन् । मन्दिर परिसरमा उपस्थित स्थानीय पनि गीत, भजन र नृत्यमार्फत सहभागी बन्छन् । भजनस्थलमा स्वास्थ्य सेवाको व्यवस्था गर्न थालिएको छ । संयोजक न्यौपानेका अनुसार यो अभियानको उद्देश्य केबल धार्मिक कार्यक्रम आयोजना गर्नुमात्र होइन । युवालाई मानसिक तनावबाट मुक्त गराउने, ध्यान केन्द्रित गर्न सहयोग गर्ने र सकारात्मक सोच विकास गर्ने अभियानका रूपमा यसलाई अघि बढाइएको छ । "पहिला बुबाआमाले मात्रै गाउने भजनप्रति अहिले युवाको आकर्षण बढेको छ", उहाँ भन्नुहुन्छ, "यसले युवालाई सकारात्मक ऊर्जा दिएको छ ।" एमआरआर अभियान विस्तारसँगै यसमा जोडिएका युवालाई सामाजिक उत्तरदायित्वका काममा पनि परिचालन गर्न थालिएको छ । विपद् व्यवस्थापन, ट्राफिक व्यवस्थापन, स्वास्थ्य सचेतना लगायतका अभियानमा उनीहरूलाई सहभागी गराइँदै आएको छ । संयोजकहरूका अनुसार अभियान कुनै राजनीतिक दलसँग आबद्ध छैन। यसमा सहभागी सबै युवा स्वतन्त्र र स्वःस्फूर्त रूपमा जोडिएका छन्।एमआरआरभजनअभियानको सुरुआत पोखराका युवाले गरेका थिए। त्यसपछि विस्तार हुँदै अहिले काठमाडौँ, चितवन, बुटवल, हेटौँडासहित करिब २० जिल्लामा यो अभियान सञ्चालन भइरहेको छ। सामाजिक सञ्जालबाट सुरु भएको एउटा सानो पहल आज हजारौँ युवालाई मन्दिर, सङ्गीत, आध्यात्मिकता र समाजसेवामा जोड्ने अभियान बनेको छ । परम्परागत रूपमा ज्येष्ठ पुस्ताको सहभागितामा सीमित मानिएको भजन संस्कृतिमा युवाको बढ्दो उपस्थितिले धार्मिक गतिविधिलाई नयाँ पुस्तासँग जोड्ने एउटा सकारात्मक उदाहरण प्रस्तुत गरेको छ ।

# पोखरामा काठमाडौँ विश्वविद्यालयको सम्बन्धनमा अशोका कलेज सञ्चालन

**पोखरापत्र संवाददाता**
पोखरा, १० साउन

पोखराको सिर्जना चोकस्थित अशोका कलेज अफ इन्जिनियरिङ एन्ड म्यानेजमेन्टले काठमाडौँ विश्वविद्यालय (केयू) बाट सम्बन्धन लिएर ब्याचलर अफ इन्फर्मेसन टेक्नोलोजी (बीआईटी) कार्यक्रम सञ्चालनमा ल्याएको छ ।

गण्डकी प्रदेशमै पहिलोपल्ट केयूको इन्जिनियरिङ संकायअन्तर्गत बीआईटी कार्यक्रम पोखरा भित्र्याउँदै कलेजले विद्यार्थीका लागि अध्ययनसँगै रोजगारीलाई जोड्ने 'सिक्दै कमाउँदै' मोडल सार्वजनिक गरेको छ । आइतबार पोखरामा आयोजित पत्रकार सम्मेलनमा कलेज सञ्चालक तथा केयूका प्रतिनिधिले कार्यक्रमबारे विस्तृत जानकारी गराएका हुन् । पहिलो शैक्षिक सत्रका लागि केयूले निर्धारण गरेको ३० जनाको सीमित कोटाका लागि शनिबार र आइतबार सञ्चालित प्रवेश परीक्षामा करिब ३ सयजना विद्यार्थी सहभागी भएका छन् । भर्ना प्रक्रिया १८ साउनदेखि खुला भई आगामी ९ भदौदेखि नियमित कक्षाहरू सञ्चालन हुने जनाइएको छ । चार वर्षे यस पाठ्यक्रमको कुल शिक्षण शुल्क ९ लाख ६० हजार रुपैयाँ तोकिएको छ । भर्नाका लागि प्लस टू तहमा विज्ञान विषय पढेको र न्यूनतम जीपीए दुई ल्याएको विद्यार्थी योग्य हुनेछन् ।

अशोका कलेजका अध्यक्ष श्रीराम पाण्डेले विद्यार्थीलाई सैद्धान्तिक ज्ञानमा मात्र सीमित नराखी उद्योग र व्यवहारसँग जोड्न आफ्नै व्यावसायिक घरानाको सञ्जाल प्रयोग गरिने बताए । कलेज सञ्चालक समूहको हाइड्रोपावर, खाद्यान्न, इन्जिनियरिङ तथा सूचना प्रविधिसम्बन्धी उद्योगहरू रहेकाले दोस्रो तथा तेस्रो वर्षदेखि नै विद्यार्थीलाई व्यावसायिक सफ्टवेयर निर्माण तथा परियोजनामा संलग्न गराइने उनले बताए । जसअन्तर्गत विद्यार्थीले अध्ययनकै क्रममा साझेदार उद्योगमा पारिश्रमिकसहित काम गर्न पाउनेछन् । यसैगरी नयाँ सफ्टवेयर तथा टेक-स्टार्टअपका लागि छुट्टै इन्क्युबेसन तथा स्टार्टअप सेल र मेन्टरसिपको व्यवस्था पनि गरिएको छ । 'इन्जिनियरिङ अध्ययनपछि मैले पढाइ र व्यावहारिक कामबीच ठूलो खाडल अनुभव गरेँ । अशोका कलेजमा बिआईटी पढ्ने विद्यार्थीले अध्ययनकै क्रममा हाम्रा साझेदार प्रविधि कम्पनीहरूमा काम गरी अनुभव हासिल गर्नेछन्,' उनले भने, 'स्नातक भएर निस्कँदा उनीहरूसँग प्रतिष्ठित डिग्रीका साथै बजारमा




बिक्ने व्यावहारिक कार्यअनुभव हुनेछ ।' उनका अनुसार अशोका कलेजको स्थापना करिब दस वर्षअघि भएको हो । सुरुमा सिर्जना चोकमै आफ्नै भवनबाट कार्यक्रम सञ्चालन गर्ने योजना रहे पनि विश्वविद्यालयहरूमा आवेदन दिँदा सम्बन्धन प्राप्त नभएको उनले बताए । पछि केयूले बीआईटी कार्यक्रमका लागि अभिरुचिपत्र (एक्सप्रेसन अफ इन्ट्रेस्ट) माग गरेपछि कलेजले आवेदन दिई सम्बन्धन प्राप्त गरेको हो । 'पहिलो शैक्षिक सत्रमा तीस जना विद्यार्थी भर्ना हुनेछन्,' उनले भने, 'हामीले पोखरा महानगरपालिकाको कार्यालयपछाडि संगम मार्गमा भवन भाडामा लिएर हाल कार्यक्रम सञ्चालन गरेका छौं, तर दीर्घकालीन योजनाअनुसार सिर्जना चोकमै आफ्नै भवनमा विस्तृत रूपमा कार्यक्रम सञ्चालन गर्नेछौं ।'

पाण्डेका अनुसार सिर्जना चोकमा रहेको पुरानो पोखरा फुड्स बिस्कुट कारखानाको भवन भत्काएर हाल करिब ५० हजार वर्गफिट क्षेत्रफलको नयाँ भवन निर्माणाधीन छ । भवन आचारसंहिता तथा सुरक्षा मापदण्डका हिसाबले उक्त पुरानो संरचना हालको मापदण्डसँग नमिलेपछि यसलाई भत्काएर नयाँ भवन बनाउने निर्णय गरिएको उनले जनाए । नयाँ भवन महानगरबाट स्वीकृति लिएरै निर्माण भइरहेको र संरचनागत डिजाइनमा कुनै सम्झौता नगरिएको उनको भनाइ छ ।

केयूले तोकेअनुसार बीआईटी कार्यक्रममा एक इनटेकमा तीस जनाभन्दा बढी विद्यार्थी भर्ना गर्न नपाइने उनले जानकारी दिए । कार्यक्रमको कुल शुल्क केयूले नै तोकेअनुसार रहेको र सोही अनुसार शुल्क संरचना कायम राखिएको उनले स्पष्ट पारे । भर्ना हुने विद्यार्थीमध्ये १० प्रतिशत अर्थात् तीनजनाले क्षमता र आर्थिक अवस्थाका आधारमा छात्रवृत्ति पाउने व्यवस्था रहेको उनले बताए । पाठ्यक्रमअन्तर्गत विद्यार्थीले कृत्रिम बुद्धिमत्ता (एआई) तथा मेसिन लर्निङ, आधुनिक प्रोग्रामिङ र सफ्टवेयर डेभलपमेन्ट, नेटवर्क तथा साइबर सुरक्षा, डाटाबेस सिस्टम र क्लाउड कम्प्युटिङजस्ता विषयमा दक्षता हासिल गर्नेछन् ।

काठमाडौँ विश्वविद्यालयको कम्प्युटर विज्ञान तथा इन्जिनियरिङ विभाग प्रमुख पंकज दवाडीका अनुसार बीआईटी कार्यक्रम १ सय २७ क्रेडिटको हो, जुन नतिजामुखी शिक्षा (आउटकम बेस्ड एजुकेसन) को सिद्धान्तमा आधारित रहेको छ । 'विद्यार्थीले स्नातक उत्तीर्ण गरेपछि श्रम बजारमा सहज पहूँचका लागि निश्चित सीप विकास गर्नैपर्छ भन्ने मान्यताअनुरूप हामीले पाठ्यक्रम डिजाइन गरेका छौं,' उनले भने । पोखरामा यो कार्यक्रम पहिलोपल्ट सञ्चालन भए पनि यसअघि यही पाठ्यक्रम विस्तार कार्यक्रमअन्तर्गत अन्यत्र सञ्चालनमा रहेकाले आफूहरूसँग अनुभव रहेको उनले जनाए । काठमाडौं विश्वविद्यालय स्कुल अफ इन्जिनियरिङका सहायक डिन श्यामसुन्दर खड्काका अनुसार विश्वविद्यालयले हरेक कार्यक्रममा गुणस्तरमा कुनै सम्झौता नगर्ने नीति लिएको छ । 'प्रवेशका लागि विज्ञान विषय पढेको विद्यार्थी नै आवश्यक पर्ने मापदण्ड हामीले तोकेका छौं र काठमाडौं विश्वविद्यालयका सबै कार्यक्रम त्यही मापदण्डभित्र रहन्छन्,' उनले भने, 'अशोका कलेजले तयार पारेको भौतिक पूर्वाधार र प्रतिबद्धता हेरेर नै हामीले सम्बन्धन दिएका हौं । विद्यार्थीको सुरक्षा, भवनको संरचनागत मजबूती र शैक्षिक मापदण्डमा कुनै कमजोरी हुन दिइने छैन ।' विश्वविद्यालयले हाल ७ प्रदेशमा विस्तार गर्दै ९ ठाउँमा सम्बन्धन प्रदान गरिरहेको र गुणस्तर सुनिश्चितताको जिम्मेवारी विश्वविद्यालयले लिने उनको भनाइ छ । शिक्षण जनशक्तिका सन्दर्भमा न्यूनतम स्नातकोत्तर उत्तीर्ण गरेकालाई मात्र अध्यापनको जिम्मेवारी दिइने र ४० प्रतिशत पूर्णकालीन तथा ६० प्रतिशत 'भिजिटिङ' संकायको अनुपात कायम गरिने उनले स्पष्ट पारे ।कलेजका अध्यक्ष पाण्डेका अनुसार कलेजका अधिकांश शिक्षक नियुक्ति प्रक्रियामा रहेका छन् र काठमाडौं विश्वविद्यालयकै मापदण्डअनुसार स्नातकोत्तर उत्तीर्ण गरेका जनशक्ति मात्र नियुक्त गरिनेछ । भविष्यमा अशोका कलेजले बीआईटी कार्यक्रमलाई सफल रूपमा सञ्चालन गरेपछि अन्य इन्जिनियरिङ तथा व्यवस्थापनका कार्यक्रमहरू पनि थप गर्दै लैजाने दीर्घकालीन योजना बनाएको छ ।